# स्थानीय शिशुकक्षामा पढाइ



हङकङमा शिशु शिक्षाको उद्देश्य बालबालिकाहरूलाई आनन्दमय तथा रमाइलो सिकाइको वातावरणर्मा नैतिक, बौद्धिक, शारीरिक, सामाजिक सीप र सौन्दर्यात्मक क्षेत्रमा सन्तुलित रूपले अघि बढाउनको लागि वातावरण उपलब्ध गराउनु हो ।

- अभिभावकहरूले बालबालिकाहरूको लागि किन्डर्गाटन को छनौट गर्दा निम्न कुराहरूमा विचार गर्नुपर्ने छ ।
    - आधा दिन अथवा पूरै दिन पूर्व-प्राथमिक शिक्षा सेवाले उनीहरूको आवश्यकतालाई पुरा गर्न सक्छ ।
    - किन्डर्गाटनको सेवा समय उनीहरूको आवश्यकता अनुसार छन्, जस्तैः प्रत्येक वर्षका बिदाका दिन तथा प्रत्येक विद्यालय लाग्ने समयमा ।
    - किन्डर्गाटनको उद्देश्य
    - पाठ्यक्रम तथा पढाइको ढाँचा
    - शिक्षकहरूको योग्यता
    - विद्यालयको वातावरण तथा सुविधाहरू
    - विद्यालयको शुल्कहरू तथा खर्चहरू
    - किन्डर्गाटनमा जाने र किन्डर्गाटनबाट आउने समय
- बालबालिकाहरु छिट्टै नै वातावरणमा घुलमिल हुने सक्षम भएकाले सम्भव भएसम्म एनसीएस अभिभावकहरूका छोराछोरीलाई चिनियाँ भाषा सिक्न सक्षम बनाएर स्थानीय पाठ्यक्रम दिने किन्डर्गाटनमा पठाउन प्रोत्साहन दिइन्छ । यसले निश्चय पनि उनीहरूलाई चिनियाँ भाषामा पारंगत बन्न र स्थानीय समुदायमा एकिकृत हुन सहायता गर्नेछ । यसले उनीहरुलाई भविष्यमा स्थानीय प्राथमिक विद्यालयमा विद्यार्थी जीवनमा सम्मिलित हुन पनि मद्दत गर्दछ ।
- शिशुकक्षा शिक्षाको बारेमा सोधपुछका लागि अभिभावकहरूले इडीबीको सम्बन्धित विद्यालय विकास शाखाहरू वा किन्डर्गाटनहरू र बाल स्याहार केन्द्रहरूका लागि संयुक्त कार्यालयमा सम्पर्क गर्न सक्छन्, जसको टेलिफोन सूची पेज 14 मा उपलब्ध छ ।



## सम्बन्धित वेबसाइटहरू

**हङकङमा किन्डर्गाटन शिक्षा**
http://www.edb.gov.hk/en/edu-system/preprimary-kindergarten/overview/index.html

**किन्डर्गाटन तथा किन्डर्गाटन र बालस्याहार केन्द्रहरूको रेखाचित्र**
www.chsc.hk/kindergarten/

**चाइनिज भाषा नबोल्ने (एनसीएस) विद्यार्थीहरू लागि शिक्षा सेवाहरू**
www.edb.gov.hk/ncs